

# जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना

**नेपाल सरकार**

**तथा**

**संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम**

# जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना

**नेपाल सरकार**
**तथा**
**संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम**

## प्रमुख विशेषताहरू

| | |
|---|---|
| **आयोजनाको शीर्षक** | जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना |
| **अवधि** | १ डिसेम्बर २०२० देखि १ मे २०२४ सम्म |
| **कार्यान्वयन निकाय** | वन तथा भू–संरक्षण विभाग, वन तथा वातावरण मन्त्रालय |
| **बजेट** | **विश्व वातावरण कोष (जि.ई.एफ) –एल.डि.सि.एफ** : ७ मिलियन अमेरिकी डलर |
| | **यु.एन.डि.पी. (TRAC)** : ९००,००० अमेरिकी डलर |
| | **नेपाल सरकार वित्तीय साझेदारी** : ३४,८९३,००० अमेरिकी डलर |
| **कार्य क्षेत्र** | तल्लो दूधकोशी जलाधार क्षेत्र |
| **लाभान्वित जनसंख्या** | तल्लो दूधकोशी जलाधारका १२१, ६०६ संकटासन्न स्थानीय बासिन्दाहरु । |

# जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना

## पृष्ठभूमी

नेपालको मध्य पहाडी भागका जलाधार क्षेत्रहरु प्राकृतिक, मानवीय तथा जलवायु परिवर्तनजन्य बाढी, पहिरो, खडेरी जस्ता बहुप्रकोपहरुबाट प्रभावित रहेका छन् । जलवायु परिवर्तनबाट अतिवृष्टि, अल्पवृष्टि साथै तापक्रम वृद्धिको कारणले हिमाली क्षेत्रको हिउँ पग्लने दरलाई तीव्र बनाएको छ। यसका साथै पानीका स्रोतहरु सुक्दै जाने र सुख्खा ग्रस्त क्षेत्रहरु क्रमशः बढ्दै जाँदा जमिनको उर्वराशक्ति र कृषि प्रणालीमा समेत प्रत्यक्ष रुपमा नकारात्मक असर परेको पाइन्छ । विकासका पूर्वाधार, पारिस्थितिकीय तथा कृषि प्रणाली लगाएतमा समग्र प्राकृतिक स्रोतहरुमा जलवायु परिवर्तनको बहुआयमिक र बहुक्षेत्रगत असरहरु परेको छ। यस्ता असरबाट समुदायको जीवनस्तर र जीविकोपार्जनमा



प्रत्यक्ष नकारात्मक असर परिरहँदा जोखिमयुक्त न्यून आय भएका समुदायहरु अझ बढी प्रभावित भएका छन् ।

जलाधार क्षेत्रको कार्यगत प्रणाली (Functional Integrity) कायम राख्न एकीकृत जलाधार व्यवस्थापन, जलवायु अनुकूलन, पानीका स्रोतको बहुआयामिक व्यवस्थापन, भूस्खलन न्यूनीकरण साथै हरित आयआर्जन जस्ता क्रियाकलापहरु सञ्चालन गर्दै जोखिमयुक्त समुदायहरुको अपनत्व विकास, अनुकूलन क्षमता र उत्थानशील जीविकोपार्जनमा सहयोग पुऱ्याउन आवश्यक देखिन्छ ।

देशको परिवर्तित संघीय शासकीय प्रणालीमा तीनवटै तहका सरकारहरुका विचमा अन्तर्सम्बन्ध कायम राख्दै एकीकृत जलाधार व्यवस्थापनको अवधारणालाई कार्यान्वयन गर्न नमुनाको रुपमा तल्लो दूधकोशी जलाधार क्षेत्रमा नेपाल सरकार, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम र विश्व वातावरण कोषको संयुक्त सहकार्यमा "**जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना**" सन् १ डिसेम्बर २०२० देखि ३१ मे २०२४ सम्म संञ्चालन गरिएको छ ।


## परियोजनाको उद्देश्य

जलवायु परिवर्तनजन्य बहुप्रकोप (सुक्खा, बाढी, पहिरो) बाट जोखिममा रहेका समुदायहरुको जीवन तथा भौतिक र आर्थिक सम्पत्तिको सुरक्षा गर्नु र ती समुदायको जीविकोपार्जनमा टेवा पुऱ्याउनु आयोजनाको प्रमुख उद्देश्य रहेको छ ।

## कार्य क्षेत्र

नेपालको पूर्वी भू-भागको प्रदेश नं. १ का खोटाङ र ओखलढुङ्गा जिल्लाको सीमा क्षेत्रमा पर्ने तल्लो दूधकोशी जलाधार मुख्य कार्यक्षेत्र रहेको छ । यस आयोजना ८ वटा स्थानीय तहहरुका ५१ वटा वाडहरूलाई समेटेर करिब ८४४ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ ।

| जिल्ला | नगर / गाउँ पालिका |
|---|---|
| ओखलढुंगा | सिद्धिचरण नगरपालिका |
| | मानेभन्ज्याङ गाउँपालिका |
| | चिशंखुगढी गाउँपालिका |
| खोटाङ | दिक्तेल रुपाकोट मजुवागढी नगरपालिका |
| | हलेसी तुवाचुङ नगरपालिका |
| | ऐसेलुखर्क गाउँपालिका |
| | केपिलासगढी गाउँपालिका |
| | रावा बेसी गाउँपालिका |








## दिगो विकास लक्ष्यहरूमा यस परियोजनाको योगदान

यस परियोजनाले निम्न ६ दिगो विकासका उद्देश्यहरुमा योगदान दिने परिकल्पना गरेको छ।











११ दिगो शहर र समुदायहरू

१३ जलवायु सम्वन्धि कार्य

१५ जमिनमाथीको जीवन

## अपेक्षित उपलब्धिहरु

**उपलब्धि १: जलवायु परिवर्तनजन्य बाढी र पहिरो जस्ता समस्या समाधानका लागि एकीकृत जलाधार व्यवस्थापन ढाँचा लागू हुनेछ ।**

**प्रतिफल १.१** : जलाधार क्षेत्रको अवस्थाको आकलन अद्यावधिक गरिएकोहुनेछ। जलाधार क्षेत्र व्यवस्थापन सम्बन्धि निर्णयहरु लागू गर्न जल तथा मौसम विज्ञान साम्वद्ध विपद्जोखिम, संकटासन्नता र जलवायु परिवर्तनका असरहरुको सामाजिक आर्थिक प्रारुप तयारी गरिएकोहुनेछ।

**प्रतिफल १.२** : जलवायु परिवर्तन जोखिमको सम्बोधन जलाधार क्षेत्र पुनःस्थापन र व्यवस्थापन ढाँचामा गरिएकोहुनेछ।

**प्रतिफल १.३** : विषयगत तालिम तथा प्रविधि प्रदान गरिएकोहुनेछ।

**प्रतिफल १.४** : जलाधार व्यवस्थापन र जलवायु परिवर्तनलाई सम्बोधन गरिएको भू-उपयोग सम्बन्धि नीतिहरु साथै वातावरणीय सेवा भुक्तानीलाई प्रोत्साहन सहितको कार्यकारी संयन्त्र बनाइएकोहुनेछ।



**उपलब्धि २ : एकीकृत जलाधार व्यवस्थापन अभ्यास आरम्भ गरिएकोहुनेछ । कुल ८४४ वर्ग किलोमिटर (८४,४०० हे.) मा फैलिएका १२१,६०६ संकटासन्न जनतालाई लाभ पुग्ने गरी स्तरोन्नती गरिएको हुनेछ ।**

**प्रतिफल २.१** : जोखिम तथा संकटासन्नता आकलन तथा विश्लेषणमा आधारित रहेर लक्षित ४ वटा उप-जलाधार क्षेत्रमा अनुकूलित एकीकृत उप-जलाधार व्यवस्थापन योजनाहरु तयार भएको हुनेछन् ।

**प्रतिफल २.२** : उप-जलाधार स्तरमा पानी स्रोत व्यवस्थापनका बहुआयामिक उपायहरू लागू गरिएको हुनेछ । जस अन्तर्गत भूमिगत जलभरण, नियन्त्रित पानी निकासी, संरक्षण पोखरी निर्माण, जलभरण संरचनासहितको प्रणाली स्थापना गरिएको हुनेछ ।

**प्रतिफल २.३** : क्षतिग्रस्त भूमि पुनरुत्थान, संरक्षण कृषि, र एकीकृत कृषि वन व्यवस्थापनको अभ्यासको थालनी गरिएकोहुनेछ जसमा महिलाहरूको सक्रिय सहभागितामा ईन्धनको खपतको न्यूनीकरणको लागी किफायति चुल्होको प्रवर्धन गरिएकोहुनेछ ।

**प्रतिफल २.४** : सामुदायिक अपनत्व स्थापित गरिएको हुनेछ र महिला तथा सीमान्तीकृत समुदाय केन्द्रित विशेष कार्यक्रम लागू गरिएकोहुनेछ ।

**प्रतिफल २.५** : ज्ञान व्यवस्थापन र सिकाईलाई अभिलेखीकरण र प्रवर्द्धन गरिएकोहुनेछ ।

## मुख्य क्रियाकलापहरु

### १. नीतिगत तथा संस्थागत संरचनामा सहयोग

- **जलाधार क्षेत्रको जलवायु परिवर्तन समस्या, अवस्था र असर पहिचान, कार्ययोजना तर्जुमाः** बहुप्रकोप न्यूनीकरण सम्बन्धि रणनीति, मार्ग निर्देशिकाहरुको तर्जुमा/पुनरावलोकन, नबिन विधि तथा औजारहरुको विकास र प्रयोग।
- जलाधार व्यवस्थापनसँग सम्बन्धित संगठन संरचनाको संस्थागत विश्लेषण/तर्जुमा।
- **ज्ञान तथा क्षमता अभिवृद्धिः** जलवायु जोखिम पहिचानमा नविनतम, ज्ञान तथा सीपको सिर्जना, प्रयोग, प्रकाशन।
- दिगो भू-व्यवस्थापनका लागि वातावरणीय सेवा भुक्तानीको तर्जुमा, कार्यान्वयन।

### २. एकीकृत जलाधार व्यवस्थापनका कार्यहरु

- बहुप्रकोप (सुक्खा, बाढी, पहिरो) केन्द्रित योजना तर्जुमा कार्यान्वयन।



- पानी स्रोत संरक्षण, व्यवस्थापन, बहु आयामिक उपयोग, व्यवस्थापन, भूमिगत जल भण्डारणको अभिवृद्धि ।
- **जलाधार पुनरुत्थान कार्य**: संरक्षण कृषि वन प्रणाली, भू- उत्पादकत्व अभिवृद्धि, उन्नत चुल्हो प्रवर्द्धन ।
- समुदायहरुको संस्थागत क्षमता अभिवृद्धि पिछडिएका समुदायहरुको लागि लक्षित कार्यक्रम ।
- ज्ञान व्यवस्थापन, अध्ययन, अनुसन्धान र प्रयोग ।

## लैङ्गिक समानता र सामाजिक समावेशिकरण

महिला तथा सामाजिक विभेदीकरणमा परेका समुदाय तथा वर्गहरुलाई मूल प्रवाहीकरणमा ल्याउनका लागि आयोजनाको हरेक क्रियाकलाप तथा गतिविधिमा क्षमता अभिवृद्धि सहितको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ। आयोजनाको लैङ्गिक कार्य योजनाले लक्षित गरे अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणलाई मूल प्रवाहीकरण गर्न समुदायहरुको परम्परागत ज्ञान, सीप, प्रविधिको संरक्षण सम्वर्द्धन गर्ने क्रियाकलापहरु प्राथमिकताका साथ संञ्चालन गरिनेछ ।



## आयोजनाको कार्यान्वयन विधि

नेपाल सरकार र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम बीच भएको आयोजना सम्झौता र National Implementation Modality (NIM) मार्गदर्शनअनुसार यस आयोजना कार्यान्वयन भएको छ।

***Photos*** *©DCRL/GoN/UNDP*



## अन्य जानकारीको लागि सम्पर्क


**आयोजना व्यवस्थापन इकाई**

बबरमहल, वन परिसर, वागमती प्रदेश, काठमाडौं, नेपाल

**टेलिफोन**ः ९७७-१-१५३२०८२८, १५३२०८५७

**इमेल**ः info.dcrl@dofsc.gov.np

**वेभसाइट**ः www.dcrl.dofsc.gov.np

**आयोजना कार्यान्वयन इकाई**

सिद्धिचरण नगरपालिका

ओखलढुंगा, प्रदेश १, नेपाल

**इमेल**ः info.dcrl@dofsc.gov.np